जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०
# नवीन साप्ताहिक
म.जि.हु.का.द.नं. ६/०६४/०६५
वर्ष ४३ अंक ७ २०८१ साल भदौं १६ गते आइतवार (1 Sep 2024 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** सशस्त्र प्रहरीको बिशेष कार्य तालिम ... **पृष्ठ ३ मा :** उद्यमशीलताको बीज ... **पृष्ठ ५ मा :** चोरी शिकारी प्रकरणमा ... **पृष्ठ ५ मा :** बाढीका कारण १० जिल्लालाई ...

## आर्थिक अभावका कारण उपचार गराउन असमर्थ भएपछि बुवाद्वारा सहयोगको याचना



**राजविराज**/१६ वर्षिया छोरी नितु बेहोस भएर स्वर समेत गुमाएपछि सप्तरीको डाक्नेश्वरी नगरपालिका ३ तरहीका भोरील रायलाई यति बेला छोरीको उपचारमा आर्थिक समस्या भएको छ ।

गाउँकै जनता माध्यमिक विद्यालयमा कक्षा १० मा अध्ययनरत नितु गत साउन ३१ गते विद्यालयबाट घर फर्केपछि अचानक घर आँगन मै बेहोस भएकी थिइन । नितुका दाजु राजनका अनुसार तत्काल उनलाई रुपनी गाउँपालिकास्थित युनिक अस्पतालमा भर्ना गरी उपचार गराउन थालिएको थियो ।

झण्डै १० दिन राख्दा पनि सुधार नदेखिएपछि उनलाई थप उपचारका लागि ३ दिन अघि मात्र धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भर्ना गराइएको थियो । तर, त्यहाँ पनि उपचार सम्भव नभएको भनी भर्ना भएको तेश्रो दिनमा आएर चिकित्सकले जवाफ दिएको नितुका बुबा भोरीलले बताए ।

उनले विद्यालयबाट फर्केका छोरी अचानक बेहोस हुनु र त्यसपछि वाक्य (बोली स्वर) पनि गुमाउन पुग्नु वारे चिकित्सकले केही बताउन नसकेको सुनाए । अहिले ५/६ दिनयता छोरीको घाटी दायाँ बायाँ घुम्न पनि छाडेको र डाक्टरले यसलाई विचित्र खालको रोग भएको मात्र बताएको वुबा भोरीलको भनाई छ ।

धरानस्थित अस्पतालका डाक्टरले डिस्चार्ज गर्दै बाहिर लैजान सल्लाह दिदा आफुलाई भने आर्थिक समस्याले पिरोलेको उनले सुनाए । उनले फेरी पनि गाउँ घरकै साहु महाजनसँग ऋण सापटी माग्ने र सहयोग पाए छोरीलाई भारतको पटना वा दिल्लीमा लगि उपचार गराउने योजना बनाएको बताए । नितुको उपचारका लागि सम्पतीले थेग्न नसक्ने भएपछि परिवारजनले सहयोगको याचना गरेका छन् ।

गरिबीका कारण छोरीको थप उपचार गराउन समस्या भएको बताउँदै बुबा भोरीलले कुनै संघ संस्था र दाताको सहयोग मिले छोरीलाई बचाउन सकिने आशा समेत राखेका छन् ।

## पाँच हजारभन्दा बढी डेङ्गीका बिरामी

**काठमाडौं**/पाँच हजार भन्दा बढी डेङ्गीका बिरामी हाल देशभर फेला परेका छन् ।

इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखा काठमाडौंका अनुसार डेङ्गी रोगको सङ्क्रमण हुम्ला र मुस्ताङबाहेक सबै जिल्लामा डेङ्गी रोगको सङ्क्रमण देखिएको छ ।

महाशाखाका कीटजन्य रोग शाखाका प्रमुख डा गोकर्णप्रसाद दाहालका अनुसार पाँच हजार पाँच सय ८९ जनामा डेङ्गी रोगको सङ्क्रमण देखिएको छ ।

यस्तै, तीनजना डेङ्गी रोगको सङ्क्रमणका कारणले निधन भइसकेको छ । पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुल लार्भा निस्कन्छ र त्यही लार्भा वयस्क भएपछि टोकेपछि डेङ्गु रोग लाग्दछ ।

डेङ्गी सबभन्दा बढी गण्डकी प्रदेशमा देखिएको छ । महाशाखाका अनुसार गण्डकी प्रदेशमा दुई हजार चार सय ४० देखिएको छ । कोशी प्रदेशमा सात सय ४९, मधेसमा ८६, बागमतीमा एक हजार चार सय ८६, गण्डकी दुई हजार चार सय ४०, लुम्बिनी चार सय १८, कर्णालीमा ७६ र सुदूरपश्चिम प्रदेशमा तीन सय ३४ जना सङ्क्रमण देखिएको छन् ।

काठमाडौं जिल्लामा चार सय ६६, भक्तपुर ६२ र ललितपुर ८८ जनामा डेङ्गी सङ्क्रमण देखिएको छ । वर्षाको बेला पानी सङ्कलन गरेर राख्ने र सङ्कलन गरिएको पानीमा लामखुट्टै रहने र त्यही लामखुट्टेले टोक्ने भएकाले डेङ्गुको सङ्क्रमण बढेको हो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले डेङ्गी रोगको सङ्क्रमण बढेपछि हरेक शुक्रबार सरकारी तथा गैरसरकारी कार्यालयमा र अस्पताल परिसरमा सरसफाइ गर्नाका साथै 'लामखुट्टे खोज र नष्ट गर' अभियान सञ्चालन गर्न आग्रह गरेको छ । सरकारी अस्पतालमा डेङ्गी रोगका बिरामीको उपचार खर्च सरकारले व्यहोर्ने निर्णय गरेको छ ।

## मूर्ती सेलाउन गएका युवकको नदीमा डुबेर मृत्यु

**राजविराज**/कृष्णाष्टमी पर्व सकिएपछि मूर्ती सेलाउन गएका एक युवकको त्रियुगा नदीमा डुबेर मृत्यु भएको छ ।

बुधबार दिउँसो सप्तरीको सप्तकोशी नगरपालिका १ फत्तेपुरस्थित त्रियुगा नदीको हेड बाँधमा डुबेर सोही नगरपालिका वडा नं. २ निवासी २२ वर्षिय रोहन राजधामीको मृत्यु भएको प्रहरीले जनाएको छ ।

मूर्ती सेलाउन स्थानीयहरुसँगै गएका राजधामीलाई डुबेको करिब आधी घण्टा पश्चात् स्थानीयले उद्दार गरी एम्बुलेन्समा राखेर उपचारका लागि धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाएको थियो । जहाँ चिकित्सकले उनलाई मृत घोषित गरेको थियो ।

**पानीका स्रोत तथा वितरण प्रणाली सफा राखौं**

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं,
- स्रोतमा बाढि, धमिलो तथा बर्षातको पानी छिर्न नदिऔं,
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं,
- पानीको मूल, प्रशोधन यन्त्र तथा भण्डारण गर्ने ट्याङ्की समयसमयमा सफा गरौं,
- घर तथा सार्वजनिक स्थलका पानी ट्याङ्की, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा नियमित सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?**

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणियस्थलहरु छन् । धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढ टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

**कंकालिनी मन्दिर :** हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

**शम्भुनाथ मन्दिर :** यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

**हनुमान मन्दिर :** हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

**कोशी टप्पु :** कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

**धारापानी क्षेत्र :** चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

**लोहजारा दह :** तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं । **सप्तरीका पर्यटकीय स्थलहरुको संरक्षणमा आ-आफ्नो तर्फबाट योगदान पुऱ्याऔं ।**

**जनहीतका लागि : उद्योग, बाणिज्य तथा पर्यटन मन्त्रालय, मधेश प्रदेश, पर्यटन विकास कार्यालय लहान, सिरहा**

## सम्पादकीय

### भूमिहीन अझै भूमिहीनै

बि.स. २०७९ साल साउन २ गते सरकारले हरवाचरवा प्रथा मुक्तिको घोषणा गरे पनि त्यो व्यवहारमा अझै कार्यान्वयन हुन सकेको छैन् । भूमि, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षा लगायतको माग राख्दै उनीहरु अझै संघर्षरत नै छन् । हरवाचरवा मुक्तीको घोषणा गरेको झण्डै दुई वर्ष बितिसकेको छ । तर अझै उनीहरु भूमिहीन नै छन् ।

मधेश प्रदेशमा झण्डै १ लाख ५० हजार हरवाचरवा रहेका छन् । मुक्त हरवाचरवाको लगत संकलन, परिचयपत्रको व्यवस्था, बैंकको ऋण मिनाहा, आवश्यक सामाग्रिसहित शिपमूलक तालिम, भूमिहीनलाई भूमिको व्यवस्था, जातिय छुवाछुत गर्नेलाई कडा कारवाही तथा रोजगारी र सामाजिक समावेसिकरणको सुनिश्चितता लगायतको मुद्दा अन्यौलमा रहेको छ । हरचवाचरवाको आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, रोजगार, वास लगायतका हरेक पक्ष सवल बनाउन आवश्यक पहल गर्ने आश्वाशन बाडे त्यो चुनावी नारा मात्र भएको उनीहरुको भनाई छ । हरवाचरवाले सुरक्षित वास र परिवारका संख्याका आधारमा जग्गासहित पुनःस्थापित गराइनु पर्ने माग गर्दै दशकौदेखी संघर्ष गर्दै आइरहेका छन् ।

तसर्थ दशकौंदेखी उत्पीडनमा परेका हरवाचरवालाई स्थापित र उनीहरुको माग सम्बोधनतर्फ तीनै तहका सरकार गम्भिर हुनैपर्छ ।

# सशस्त्र प्रहरीको बिशेष कार्य तालिम शिक्षालयको उद्घाटन

**राजविराज**/सप्तरीको कन्चनरुप नगरपालिका वार्ड न. २ बरमझियास्थित सशस्त्र प्रहरी बल नेपाल दन्तकाली बिशेष कार्य तालिम शिक्षालयको उद्घाटन गरिएको छ ।

सशस्त्र प्रहरी बल नेपालका सशस्त्र प्रहरी महानिरिक्षक राजु अर्यालले उक्त तालिम शिक्षालयको उद्घाटन गरेका हुन् ।

सो अवसरमा माहनिरिक्षक अर्यालले गत बर्षमात्र नेपाल सरकारले स्तरोन्नती गरी सशस्त्र प्रहरी बरिष्ठ उपरिक्षक सहित संरचनागत रुपमा कार्य प्रारम्भ गरेको शिक्षालयले एक बर्षभित्र नै उद्घाटन गर्ने गरी कार्य गरेकोमा शिक्षालयको प्रशंसा गरे ।

बिपद व्यबस्थापन, हुल तथा दंगा, सिमा सुरक्षा, युएन शान्ति स्थापना सम्बन्धी तालिमहरु संचालनको लागि तालिम शिक्षालयहरु रहेकोमा अबदेखी बिशेष प्रकितीका कार्यहरुसँग सम्बन्धित तालिम प्रदान गर्ने गरी सप्तरीमा तालिम केन्द्रको स्थापना गरिएको उनको भनाई छ ।

एन्टि टेरोरिजम, होस्टेज रेस्क्यू, फायर फाइटिङ् एवं वाटर रेस्क्यू सम्बन्धित तालिमहरु उल्लेखित शिक्षालयमा संचालन गरिने महनिरिक्षक अर्यालले बताए ।

उद्घाटन कार्यक्रममा राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान काठमाडौंका सशस्त्र प्रहरी नायब महानिरिक्षक कमल गिरीले स्वागत मन्तव्य, सप्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारी मेख बहादुर मंग्रातीले मन्तब्य र शिक्षालयका समादेशक सशस्त्र प्रहरी बरिस्ठ उपरिक्षक दिग बिजय सुबेदीसमेतको उपस्थिति रहेको थियो ।

## लोसपाले मनायो वार्षिकोत्सव

**राजविराज**/लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल सप्तरीले पार्टीको तेश्रो वार्षिकोत्सव अन्तरक्रिया कार्यक्रम गरि मनाएको छ ।

जिल्ला अध्यक्ष सुनिल कुमार झाको अध्यक्षता तथा पार्टीका केन्द्रिय उपाध्यक्ष जयप्रकाश ठाकुरको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा वक्ताहरुले वर्तमान राजनीतिक परिवेशमा पार्टीको भूमिका बारे चर्चा गरेका थिए ।

पार्टीका जिल्ला सचिव बिजय कुमार रायद्वारा संचालित कार्यक्रममा केन्द्रिय उपाध्यक्ष अमरकान्त झा, पूर्व राज्यमन्त्रि चन्द्रकान्त चौधरी, सहमहासचिव कुवँरनाथ मिश्र, केन्द्रिय सदस्य दिनेश कुमार यादव, शम्भु यादव, उपेन्द्र साह, जिल्ला समन्वय समिति सप्तरीका उपसभापति शम्भु कुमार यादव, प्रदेश सदस्य योगेन्द्र खेरवार, मानती सदा, जिल्ला सहसचिव जयनारायण यादव, कोषाध्यक्ष मनोज झा, रुपनी गाउँपालिका संयोजक पितामबर यादव लगायतले समेत तेश्रो वार्षिकोत्सवको अवसरमा शुभकामना मन्तव्य दिएका थिए ।

सोही कार्यक्रममा राजविराजकी सुनिता दासले लोसपाको सदस्यता लिएकी छिन् । उनलाई कार्यक्रमका अध्यक्ष तथा प्रमुख अतिथिले फुलमाला लगाई पार्टीका स्वागत गरेका थिए ।

## रक्तदान गरि तालिम केन्द्रले मनायो वार्षिकोत्सव

**राजविराज**/मधेश प्रदेश प्रहरी तालिम केन्द्र जनकपुर सम्पर्क कार्यालयले रक्तदान कार्यक्रम गरि वार्षिकोत्सव मनाएको छ ।

राजविराजस्थित तालिम केन्द्रले जिल्लामा रगतको अभाव भएको जानकारी आएपछी छैठौं वार्षिकोत्वस रक्तदान कार्यक्रम गरी मनाइएको जनाएको छ ।

प्रहरी बरिष्ठ उपरिक्षक गोपाल चन्द्र भट्टराईले रगतको अभावले सुत्केरी महिला र अन्य विरामीले अनाहकमा ज्यान गुमाउनु नपरोस तथा रक्तदाता उत्प्रेरणाका लागी पनि रक्तदान कार्यक्रम गर्ने निर्णय भएको जनाए ।

केन्द्रको परिसरमा रुपनी स्थित मधेश प्रदेश प्रहरी अस्पतालका प्रहरी अधिकृत डा. रोशन कुमार मिश्र तथा स्थानीय रक्तसंचार सेवा केन्द्रका इर्न्चाज नवीन झाको प्राविधीक सहयोगमा रगत संकलन गर्ने कार्य गरिएको थियो ।

कार्यक्रममा प्रहरी बरिष्ठ उपरिक्षक गोपाल चन्द्र भट्टराई सहित २१ जना प्रहरी कर्मचारीले रक्तदान गरेका छन । रक्तदान गर्नेहरुमा प्रहरी मानबहादुर कार्की, संगिता विष्ट अनमोल खडका, अशोक साह, घनश्याम यादव, राकेश चौधरी, सुनिल कुर्मी, अञ्जली कठैत छन ।

यस्तै राजकुमार महतो, उत्तम कटवाल, अशोक कानु, तेजनारायण मण्डल, गायत्री दाहाल, राकेश राई, राजेन्द्र खडका, लिलाकान्त कोइराला, गोविन्द कटवाल लगायतले पनि रक्तदान गरेका छन । रक्तदान गर्ने मध्ये मानबहादुर कार्की र संगिता विष्ट पति पत्नी हुन ।

## भिनाजुको घर गएका युवक वेपत्ता

**राजविराज**/सप्तरीको रुपनी गाउँपालिका ६ जगमोहन टोलका २६ वर्षिय दिनेश कुमार चौधरी विगत ६८ दिनदेखी वेपत्ता छन् ।

गत असार ९ गते सिरहाको लहान नगरपालिका २० हरिनगरा टोलस्थित भिनाजुको घरबाट निस्केका एक युवक वेपत्ता भएको परिवारजनले जनाएको छ ।

दिदी सरिता र भिनाजु रामानन्दलाई बजार घुमेर आउँछु भनी निस्केका उनी हालसम्म फर्केर नआएको बुबा तेजनारायणले बताए ।

छोरा पत्ता लगाइदिन भन्दै उनले घटनाको भोलीपल्टै हुलिया विवरण सहितको निवेदन इलाका प्रहरी कार्यालय लहानमा दिए । तर, हालसम्म कतै कुनै सुराक नपाइएको उनले बताएका छन् ।

प्रहरीसँगै नेपाल तथा भारतमा रहेका आफन्त र चिनजानका सबैमा जानकारी गराएपनी हालसम्म फेला पर्न नसकेको आमा किसनी देवीले सुनाइन् ।

खोजीकार्यमा चौधरी दम्पत्तिलाई साथ र सहयोग दिइरहेका रुपनी गाउँपालिकाका समाजसेवी रंजित भगतले दिनेशका सबै साथी, घरछिमेक तथा चिनजानका सबैमा जानकारी गराई खोज तलास गर्दा पनी कतै फेला पर्न नसकेको बताए ।

इलाका प्रहरी कार्यालय लहानले दिनेशको पत्ता लगाउन उनको हुलियासहितको सम्पूर्ण विवरण देशै भरका प्रहरी कार्यालयमा पठाई खोजि कार्य जारि राखेको जनाएको छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569





अनुरोधकर्ता : विष्णुपुर गाउँपालिका, सप्तरी

# उद्यमशीलताको बीज बनोस् तिज

**विष्णु कुमारी भट्टराई**

विभिन्न विषयहरूको चिन्तन गरिरहँदा यसपटक हरितालिका तिजको विषयले केही दिनदेखि मन तानिरहेको थियो । जतातत्तै सुनिन्छ- के विकृति आएको हो ? महिना दिनदेखि उफ्रिएको छ, दर भनेको छ- पार्टी प्यालेस धाएको छ । घर परिवार, बालबच्चा, खर्चको कुनै परवाह छैन ।

महिला लक्षित आलोचनाका अनेक शब्दहरू सुनिन्छन् जतातत्तै । व्यक्तिगत रुपमा मैले यस्ता भनाइहरु धेरै सुन्नुपरेन । किनकि मैले पार्टी प्यालेस धाउन हात थाप्नु परेन । तरपनि यो विषयले मलाई चस्स बिझाएको छ । महिला नै किन आलोचित भइरहेका छन् ? यसको पछाडि कुन मनोवृत्तिले काम गरिरहेको छ ? तिजको खिल्ली उडाएर हैन गहन रूपमा सोच विचार र विश्लेषण गरेर संयमपूर्वक विवेकशील भएर मनाउन आवश्यक छ ।



पुरुष र प्रकृतिको सम्मिलनबाट सृष्टिको सञ्चालन हुन्छ । समाजमा एउटा पक्षमात्र अगाडि रहेर अर्को पक्ष कमजोर रही रहँदा सन्तुलित र समानुपातिक रूपमा संसारका नियमहरू परिचालन हुन सक्दैनन् । वर्गीय हिसाबले विभेदमुक्त समाज निर्माण गर्ने राज्यको लक्ष्य नै हुन्छ तर एकै रथका दुई पाङ्ग्रा वा एक सिक्काका दुई पाटा मानिने नर र नारीमा कुनै एक पक्ष निरीह, दुर्बल, कमजोर हुँदा कसरी समग्र विकास र अर्को पक्षलाई अगाडि बढ्न सहज हुन्छ होला ? एकको साथ अर्कोलाई अपरिहार्य छ तर तिजको विषयमा यहाँ यस्तो भइरहेको छैन र पाइन्न ।

नारीहरूको महान पर्व मानिने हरितालिका तिजलाई महिलाको स्वतन्त्रता, स्वच्छन्दता, खुलापन, खुसी र एकापसमा मित्रता, एकता, आत्मीयता, सद्भाव बाँड्ने र बढाउने पर्वको रूपमा लिइन्छ । यसलाई महिलाहरुको बिचमा समन्वय, सहकार्य, छलफल, अन्तरक्रिया, बहस र कुराकानी गर्ने अवसर पनि मानिन्छ । महिलाहरुका इच्छा, आकाङ्क्षा आवश्यकता, समस्याहरू पहिचान गरी सामाजिक, सांस्कृतिक र आर्थिक विकासको लागि सम्भाव्यता अध्ययन र विश्लेषण गरी अध्ययन अनुसन्धानको उपयुक्त समय पनि यही हो भन्ने लाग्छ। तिजलाई विभिन्न पक्षले के कसरी हेर्नु पर्छ भन्ने सम्बन्धमा महिला स्वयंले आफ्नो क्षमता, सिप र अनुभवलाई उजागर गर्न उपयुक्त अवसरको रूपमा लिनुपर्दछ । परिवारले महिलाको योग्यता र सिपको इच्छा, आवश्यकता र उपयुक्त वातावरण बनाई उत्प्रेरित भएको समय पारेर कर्मशील बन्न प्रेरणा र साथ दिनुपर्दछ ।

समाजको तर्फबाट सम्बन्धित सङ्घसंस्थाहरू मार्फत महिलाहरूलाई जागृत हुन चेतनाको अभिवृद्धि गर्न, ज्ञान, सिप अभिवृद्धि हुने कार्यहरू मार्फत आकर्षित गर्न सक्दछ । यसैगरी उत्प्रेरणा मूलक सन्देश प्रवाह गरेर चेतनशील बनाउन सक्दछ ।

राज्य पक्षबाट, स्वउत्प्रेरित र सामूहिक जागरण भएको मौकामा तिज लक्षित वडा, स्थानीय, जिल्ला हुँदै महिला विकासका कार्यक्रमहरू केन्द्रित गर्दै स्वतःस्फूर्त सहभागिता हुने भएकाले संवाद, चेतनामूलक कार्यक्रम, स-साना व्यावसायिक तालिमहरू, व्यावसायिक योजनाहरू बनाउने र सामाजिक सेवा र कार्यहरू मार्फत क्रियाशील र उद्यमशील बनाउन प्रेरित गर्न सक्नुपर्दछ ।

नेपालमा महिला हरेक तवरले पछाडि परेको अवस्था छ । तर तिजलाई खुसीको बीज मानेर स्वतस्फुर्त महिला जागरण भएको विषयलाई सकारात्मक रूपमा लिन उपयुक्त हुन्छ । कुनै पनि विषयका

***बाँकी चार पृष्ठमा***



जल तथा मौसम विज्ञान विभागले तापक्रम बढेसँगै तराईका जिल्लाहरूमा तातोहावा लु चल्न सक्ने सम्भावना रहेको र यसले स्वास्थ्यमा असर पार्न सक्ने भएकाले सचेत रही सुरक्षाका उपायहरू अपनाउन अनुरोध गर्दछौं ।

तातोहावा लु बारे बुझौं र बच्न सुरक्षाका उपायहरू अपनाऔं ।

तातो हावा तथा लु लाग्दाका असरहरू
- हृदयको गति तीव्र हुने
- श्वासप्रश्वास र रक्तचाप कम हुने
- शरीरबाट पसिना ननिस्किने
- टाउको अत्याधिक दुख्ने
- चक्कर लाग्ने, अचेत हुने
- शरीरको तापक्रम १०४ डिग्री फरेनहाइट भन्दा बढी हुने
- छाला सुक्खा, रातो र तातो हुने

गर्मीमा स्वास्थ्यको विशेष हेरचाह गरौं । उल्लेखित असरहरू देखिएमा बिरामीलाई तुरुन्त नजिकैको अस्पताल लैजाऔं ।

अनुरोधकर्ता : डाक्नेश्वरी नगरपालिका, सप्तरी




जल तथा मौसम विज्ञान विभागले तापक्रम बढेसँगै तराईका जिल्लाहरूमा तातोहावा लु चल्न सक्ने सम्भावना रहेको र यसले स्वास्थ्यमा असर पार्न सक्ने भएकाले सचेत रही सुरक्षाका उपायहरू अपनाउन अनुरोध गर्दछौं ।

तातोहावा लु बारे बुझौं र बच्न सुरक्षाका उपायहरू अपनाऔं ।

तातो हावा तथा लु लाग्दाका असरहरू
- हृदयको गति तीव्र हुने
- श्वासप्रश्वास र रक्तचाप कम हुने
- शरीरबाट पसिना ननिस्किने
- टाउको अत्याधिक दुख्ने
- चक्कर लाग्ने, अचेत हुने
- शरीरको तापक्रम १०४ डिग्री फरेनहाइट भन्दा बढी हुने
- छाला सुक्खा, रातो र तातो हुने

गर्मीमा स्वास्थ्यको विशेष हेरचाह गरौं । उल्लेखित असरहरू देखिएमा बिरामीलाई तुरुन्त नजिकैको अस्पताल लैजाऔं ।

अनुरोधकर्ता : बोदेबरसाइन नगरपालिका, सप्तरी



जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको वीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : अगिनसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी

## उद्यमशीलताको ...

राम्रा नराम्रा पक्षहरू हुन्छन् । आर्थिक रूपमा सम्पन्न नभएकै कारण महिलाको एक मात्र पर्व हरितालिकाको अवसरमा पनि महिलाहरू आलोचित हुने गरेका छन् । महिलाहरू के चाहन्छन् यो विषय महत्त्वपूर्ण हुन्छ । केही अपवाद बाहेक स-साना जिम्मेवारीहरु, विभिन्न झिना मसिना घरायसी समस्याहरूको बोझ, घरायसी कामहरूको कार्य फाँडाफाँड नहुनु जस्ता स-साना कुराहरूले महिलाहरू डिप्रेसन,तनाव विवाद र एन्जाईटिको सिकार भइरहेका छन् र तिजको अवसरमा केही हल्का र मुक्त हुने चाहना सबैको हुन्छ । महिलाहरू माइती जाने, आफन्त साथीभाइसँग दुखसुख साटासाट गर्ने, मिठो मिठो परिकार खाने, स्वतन्त्र र मुक्त अवस्थामा रहन पाउने, हृदय खोलेर रमाउने हुँदा उन्मुक्त अवस्थामा देखिने विषयलाई अर्को पक्षले आफूलाई चुनौती दिएको सम्झनुहुन्न भन्ने लाग्छ । महिलाहरुले पनि अपरिपक्वताको प्रदर्शन सामाजिक सञ्जालभरि आउने गरी समाजमा विकृति ल्याई संस्कारलाई चुनौती दिनुहुन्न । साथै महिलाहरुको अवस्थालाई खुला र स्वतन्त्र भएको देखेर केही नकारात्मकताका विषयहरूमा जोडेर लघुताभास गरिनुहुन्न । महिला अन्तर हृदयदेखि खुशी हुने समय तिज नै हो । तिज महिलाहरूको लागि खुसीको बीज पनि हो र यो समय खास चिज जस्तो हुने गरेको यथार्थ र वास्तविकता र पनि हो ।

तिजको अवसरमा गीत सङ्गीतको व्यापार फस्टाउने, महिलाले प्रयोग गर्ने शृङ्गारका सरसामानको व्यापार व्यवसायमा वृद्धि हुने, धेरै भन्दा धेरै परिकारहरू बन्ने, बिक्री वितरण हुने यो राम्रो पक्ष हो । तर हामीले आयातित संस्कारलाई बढावा दिइराख्ने र तिजको नाममा धेरै नेपाली पैसा बाहिरिने विषय कदापि राम्रो हुन सक्दैन । त्यसैले तिजलाई स साना व्यवसायको प्रवर्द्धन विकास र विस्तार गर्ने नेपाली वस्तुको उत्पादन, उपयोग र प्रवर्द्धनको अवसर र यसको माध्यम बनाउन सकिन्छ । सिलाई व्यवसाय, व्युटिपार्लर, शृङ्गारका सामान, स्वदेशी वस्तु नेपाल मै उत्पादन गर्ने, नेपाली मौलिक परिकारहरुको प्रवर्द्धन गर्ने, गीत सङ्गीत, कन्सर्ट मेला महोत्सव प्रदर्शनीहरू आयोजना गरेर सांस्कृतिक र सामाजिक विषयमा विभिन्न सेवा अभियानहरूका काम गरेर समग्र आर्थिक विकासमा टेवा पुर्‍याउने कार्य गर्न सकिन्छ। सरकारी तवरबाट स्वदेशी वस्तु र उत्पादनलाई प्राथमिकता दिइरहेको अवस्थामा यसलाई अवसर बनाउन सकिन्छ । नेपालको उद्यम व्यवसाय र महिला उद्यमशीलता मापनयोग्य र परिमाणात्मक रूपमा सन्तोषजनक छैन । महिलाको मेहनत,श्रम र सृजनशीलता व्यावसायिक बन्न सकेको छैन ।

प्रत्येक वर्षभरिमा भदौदेखि मंसिरसम्म हाम्रो व्यापारिक गतिविधि हुने हुनाले आयात र खपतको मात्रा अत्यधिक हुन्छ । तिजबाट शुरु भएको अधिक आयात उपभोगको यात्रा मङ्सिरमा गएर सामान्य हुन्छ । वर्षभरिका बाह्र महिना मध्ये भदौ, असोज, कार्तिक मङ्सिरमा धेरै व्यापारिक र व्यावसायिक कारोबार हुन्छ। आर्थिक उपार्जनमा महिलाको भूमिका न्यून छ तर उपभोग खपत र खर्च गर्नमा अगाडि छ । 'पुरुषको थर महिलाको घर' भन्ने उखान छ । घरको व्यवहार जिम्मेवारीमा महिलाको प्रमुख भुमिका हुनाले खर्चले पुर्‍याउने, धान्ने र सोको व्यवस्थापन गर्ने कार्य महिला स्वयंले गर्नुपर्ने भएको र आफ्नो हात जगन्ननाथ हुने हुँदा यदाकदा खर्चको अन्यत्र दुरुपयोग वा अनावश्यक खर्च हुने विषयलाई आलोचना गरिएको पाइन्छ ।

महिलाहरू सुन्दर र आकर्षक रहन चाहन्छन् । यो प्राकृतिक स्वभाव नै हो । त्यसका लागि लुगाफाटा, गरगहना, आभूषण र शृङ्गारमा खर्च गर्ने स्वभाव शृङ्गारिक भावका कारण अधिक हुन्छ । त्यही प्राकृतिक स्वभावका कारण देखासिकी गर्ने र नहुनेले पनि सकिनसकि लहैलहैमा लागेर अनावश्यक खर्च गर्ने संस्कृति पनि बढेको छ । आफूसँग भएका सामानहरूकै प्रयोग गर्ने बानी बसाल्नु पर्छ र प्रत्येक चाडपर्वसँग उपभोग बढाउनु भन्दा सृजनशिल भएर मितव्ययी हुन आवश्यक छ । बजारमा देखेजति सबै चाहिने तरल मनस्थितिका कारण आयातित वस्तुको उपभोगले पैसा बाहिरिएको यथार्थ स्विकार्नु नै पर्छ ।अनावश्यक खर्च गर्ने बानी महिलाहरूबाट तिजको समयमा प्रस्फुटन हुने गरेको छ ।

एक महिला स्वरोजगार र उद्यमी हुन सके तिजका नाममा बाहिरिने पैसालाई स्वदेशमा उपयोग र लगानी गर्न सकिन्छ । ठुला ठुला कुराहरू गर्ने आयातित चालचलन र संस्कृतिलाई हुबहु नक्कल गर्ने कार्य महिलाहरूबाट अधिक रूपमा बढवा भइरहेको छ । राज्यको तर्फबाट तहगत रूपमा महिला शिक्षा, ज्ञान र विवेकलाई उपयुक्त ढङ्गबाट कार्यान्वयनमा ल्याउन निकै प्रयास र मेहनत गर्नुपर्ने हुन्छ ।

व्यवहारिक चालचलन, रहन सहन, रितिथितीको पालना व्यक्तिको आनीबानी, स्वभाव र व्यवहारबाट नियमित र निरन्तर भएमा त्यो आचरण र स्वभाव नै संस्कार बन्ने हो । संस्कारहरूको पुञ्ज नै संस्कृति हो । मौलिक संस्कृति लोप हुँदै जाने नयाँ नयाँ चालचलनहरू आउँदै हराउँदै गर्नु र बानी व्यवहारहरू छिटो छिटो परिवर्तन हुने तथा स्थिरता हुन नपाउनु चाँही सांस्कृतिक विचलन र विखण्डन को कारक तत्त्व हो । नेपालमा मौलिकतामा आँच आइरहनु र रहनसहन, लवज बारम्बार परिवर्तन हुनु सांस्कृतिक हस्तक्षेप र निष्ठाको कमी हुँदै जानुको सङ्केत पनि हो । यसमा सम्बन्धित विषयमा बौद्दिक वर्ग व्यक्ति, समाज, सामाजिक संस्था र राज्यले यसमा समयमै ध्यान पुर्‍याउनु आवश्यक भइसकेको छ। बौद्दिक व्यक्तिहरूबाट सत्य विषयको लागि बहस,पैरवी र दबाब हुनुपर्दछ । संस्कृति, भूगोल र इतिहास राज्यको मुल आधार भएको हुँदा यिनको स्थिरता, दिगोपन र समसामयिक परिमार्जन सहित संरक्षण गर्नुपर्दछ ।

मनको तहमा मात्र भौँतारिने वर्गले चिन्तन, मनन, विश्लेषण गर्न सक्दैनन् । विवेक र भावना नभई के सही के गलत छुट्टाउन सक्दैन । पुरुषले महिला जस्ता भएर सारी चोलोमा नारिएर रत्यौली खेल्ने जस्ता गीतसङ्गीतको निर्माण गर्ने महिलाहरू पुरुषको भेषमा तिलहरी, सिन्दूर, चुरा पोतेको बहुरूपी रङ्ग प्रदर्शन गर्ने अश्लील, भड्किलो प्रदर्शनबाट आफूतिर आकर्षण गर्ने मनको तहमा अति रञ्जित भइरहेको अवस्था मानसिक रूपमा असन्तुलन र परिपक्व हुन बाँकी रहेको अवस्था जस्तो देखिन्छ । बासनामुखी प्रेमको अतिरञ्जित भइरहेको गीतसङ्गीतमा उच्छृङ्खल, यौनको उन्माद र उन्मत्तता समेत प्रदर्शन भइरहेको छ।हाम्रा सम्बन्धहरु खोक्रा र फितला भइरहेका छन् । पैसा छ सब थोक छ भन्ने मानसिकता नै समाज विखण्डन र विचलनको सञ्चारतर्फ गइरहेको आभास हुन्छ ।

उमेर, व्यवहार जिम्मेवारी सँगसँगै परिवर्तन र परिमार्जन हुँदै जानु स्वभाविक क्रियाकलाप र परिपक्वताको परिचय हुन । महिलाहरूले तिजका नाममा जम्मा हुनु, सत्सङ्ग गर्नु, ज्ञान बुद्धि विवेक, सिप, योग्यता र अनुभवहरू को आदानप्रदान गर्न, व्यक्ति, समाज र राज्यको लागि के कसरी उपयोगी हुन र बन्न सकिन्छ मेरो भूमिका र योगदान के हुन सक्छ यी विषयमा केही चिन्तन गर्न सकिन्छ । जागरण, अभियान र सन्देश प्रवाह गरेर समाज भित्रका विकृति र विसङ्गतिलाई मेला गीत सङ्गीत, नाचगान, चेतनामूलक कार्यक्रम, उद्यमशीलता विकास, सिपमूलक कार्यक्रम , व्यवसाय अभिवृद्धि, मनोसामाजिक परामर्श, रक्तदान, वृक्षारोपण, हिंसा विभेद विरुद्धका अभियानहरू गरेर तिजलाई प्रयोगात्मक, उत्पादनमूलक, परिमाणमुखी कार्यमा रूपान्तरण गर्ने महाअभियान बनाउन सकिन्छ । तिजलाई सकेसम्म उपयोगी अभियानको समय बनाई मनाउनुपर्दछ ।

तिजको प्रसङ्गमा समाज र व्यक्तिको धारणाले यसलाई अझ विकृत बनाएको छ । "यत्र नार्यस्तु पुज्यन्ते तत्र रमन्ते देवता" जस्तो युक्तिले नारीको महिमालाई उजागर गरेको पाइन्छ जुन घरमा नारी खुसी र सम्मानित हुन्छिन् । त्यो घर स्वर्ग समान हुन्छ भनिन्छ शायद महिला घरको मियो हुन उनी खुसी हुँदा समग्र घर स्वास्थ, सन्तुलित खुसी र परिवार सुखको माध्यम बनाउन सकिन्छ महिलाको सुख शान्ति र समृद्दिमा र घरको समग्र अवस्थामा आधारित रहन्छ । यो किन पनि भनियो होला भने महिला सुरक्षा, संरक्षण, भरोसा र सन्तुलनको पनि जननी हुन प्रेम,करुणा, विवेक र दयाले भरिपुर्ण हुन्छिन् त्यसैले नारीको स्वतन्त्रता र खुसीमा परिवारको समृद्धि देखियो । नारी विवेक र करुणाकी स्रोत भावना प्रिय, हृदयकी खानी, माया, प्रेम श्रद्धाले भरिपूर्ण हुन्छिन् । सुशिक्षित र परिवर्तनलाई समयसापेक्ष स्विकारेर विवेकपूर्ण तवरले व्यवहारमा उतार्न सक्ने नारी नै सम्पन्न लक्ष्मी हुन भनिएको छ। यसमा पुरुष र परिवारको दरिलो, भरिलो, विश्वास साथ, समर्थन र सहयोग अपरिहार्य छ ।

महिलाको निर्णय र सहभागिताबाट घर परिवार सुन्दर बनेको पाईन्छ । तर केही नारीहरूमा पुरुष र उसको परिवार प्रति पूर्वाग्रह राख्ने, अपमान गर्ने, प्रतिशोध साध्ने अहङ्कार ,लोभ लालच, क्रोध र मपाईँत्वका कारण घरहरू लथालिङ्ग र भताभुङ्ग भएको समेत पाइन्छ। अधिक खर्च गर्ने, देखासिकी गर्ने, आफ्नो वशमा पार्ने नियन्त्रणात्मक व्यवहार गैर जिम्मेवारी, स्वार्थ केन्द्रित भएर आफ्नो जिम्मेवारी र कर्तव्यबाट वञ्चित हुने तर अधिकारको बहस गर्ने कर्तव्य भुल्ने, आशङ्का र दोष लगाउने, अकर्मण्य र छाडापन अराजकतालाई अवलम्बन गर्ने भएका कारण विकृति र विसङ्गतिका कारक समेत बनेको पाइन्छ । तिजको अवसरमा यी र यस्ता चरित्र र स्वभावहरू यदाकदा देख्न पाइन्छ । भड्किलो अश्लील स्वास्थ्यकर असहज अवस्था निर्माणका कारक बनेर होइन तिजलाई एउटा अवसर मानेर लगनशीलता, सृजनशीलता उद्यमशीलताको बीज बनाउन सबैलाई प्रेरणा मिलोस् ।आत्मनिर्भर, स्वावलम्बी, आत्मविश्वासी बनेर वर्गीय लैङ्गिक विभेदको स्वयं प्रतिकार गर्न सक्ने सक्षम नारी बन्ने अवसर हामी सबैलाई मिलोस् । आशा अपेक्षाले हैन दिन पुगोस् खान पुगोस्को सरल भाव जगाएर समाजको आखाँको नानी बन्न र हृदयमा प्रेमको बाढी बगाएर सबैमा सभ्यता, सरलता र शान्तीको मार्गमा लैजाने सत्मार्ग मिलोस् । यस वर्षको तिज परनिर्भरता हैन आत्मनिर्भरता र उद्यमशीलताको बीज बनोस् सबैमा तिजको प्रेमिल शुभकामना !!! रातोपाटीबाट






# चोरी शिकारी प्रकरणमा पक्राउ परेका सबै रिहा

**राजविराज**/सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ कोशी ब्यारेज पलार क्षेत्रमा बुधबार मध्यराती चोरी शिकारीमा नेपाल प्रहरीका पूर्वडिआइजी, पूर्वउपसभामुखका छोरा, बहालवाला सइसहित १० जनालाई प्रहरीले पक्राउ गरे लगत्तै सोही दिन राती रिहा भएका छन्।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार बुधबार राती २ बजेतिर कोशी ब्यारेज पलार क्षेत्रबाट अवैध रुपमा बँदेल मारेर फर्किदै गर्दा हतियारसहित ती १० जना पक्राउ परेका थिए।

मारिएको बदेल वेवारिसे अवस्थामा फेला परेको भन्दै उनीहरु सबैलाई जमानीमा रिहा गरिएको प्रहरीले जनाएको छ।

पक्राउ पर्नेमा नेपाल प्रहरीका पूर्वडिआइजी सुनसरीको इटहरी उपमहानगरपालिका २ का ६१ वर्षिय ज्ञान बिक्रम शाह, पूर्वउपसभामुख सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका जोगिनियाँ निवासी गंगाप्रसाद यादवका ४० वर्षिय छोरा आकाश यादव, नेपाल प्रहरीका बहालवाला सई बिराटनगर उपमहानगरपालिका ३ निवासी ३९ वर्षिय संजय न्यौपाने छन्। सई न्यौपाने हाल मधेश प्रदेशको बर्दिवास प्रहरी कार्यालयमा कार्यरत छन्।

यस्तै हनुमाननगर कंकालिनी नगरपालिकाका जनार्दन राउत, ओमशंकर प्रसैला, लक्ष्मण मंडल, शंकर खिडहरी यादव, तिरहुत गाउँपालिकाका लक्ष्मी मंडल, राजविराज नगरपालिका ७ का रबिन दास र सुनसरीको इटहरी उपमहानगरपालिका २ का प्रदिप लिम्बु पनि पक्राउ परेका छन्।

उनीहरुको साथबाट २२ क्यालिबरको राइफल एक थान, राइफलको म्यागिजन २ थान, सोमा प्रयोग हुने गोली १५ थान, बाइनाकुलर ३ थान, टाइपोर्टर एक थान, फलामको हथौडा एक थान, खुर्पा एक थान, चोरी शिकारी गरी मारिएको बँदेल लोड गरिएको को.२त. ६९ नम्बरको ट्याक्टर तथा प्रदेश-३-०१-०२२च.६८५५ नम्बरको स्कारपियो बरामद भएको थियो।

## बाबाधाम गएका मध्येबाट एक सम्पर्कमा, अर्का वेपत्ता

**राजविराज**/भारतको झारखण्ड राज्यस्थित देवघर (बाबाधाम) गएका मध्येबाट दुई सप्तरीवासी वेपत्ता भएका छन्। जसमध्ये एक जना १० दिन पछी सर्म्पकमा आएका छन् भने अर्का वेपत्ता छन्।

पछिल्लो पटक जिल्लाको बोदेबसाईन नगरपालिका ३ कुश्महार टोलका ६२ वर्षिय मिश्री लाल मण्डल सम्पर्क बिहिन भएका छन। मण्डल भदौ २ गतेदेखि आफन्त तथा गाउँका अन्य भक्तजनसँग रेल चढी देवघरका लागी प्रस्थान गरेका थिए। बाबाधाम मन्दिरमा जल चढाएर घर फर्किने तयारी भइरहेका बेला अचानक उनी सम्पर्क विहिन भएको संगै गएका उनका ज्वाई देवकान्त मण्डलले बताए।

यता गत साउन ३१ देखी सम्पर्क बिहीन रहेका जिल्लाको राजगढ गाउँपालिका ३ पुरवारी टोलका ५३ वर्षिय राम विलास यादव भने सम्पर्कमा आएका छन्। जल चढाए लगतैसँगै गएका साथीहरुसंग सर्म्पकविहिन भएका यादव १० दिन पछि गत शनिबार भारत विहार राज्यको दरभंगा रेल्वे स्टेशनमा फेला परेका थिए। भारतीय प्रहरी र स्थानीयवासीको सहयोगमा उद्दार गरी उनलाई घर ल्याइएको परिवारजनले जनाएको छ।

## बिटौरी जग्गा समाधानका लागि प्रदेशसभा सदस्यको माग

**राजविराज**/मधेश प्रदेशसभामा शुक्रबार प्रदेश सांसद किरण कुमारी साहले राजविराज नगरपालिकाको बिटौरी जग्गा समस्या समाधानका लागि मुद्दा उठाएकी हुन्।

साविक ६० बिगहा क्षेत्रफलमा रहेको राजविराज नगरपालिकाका ५ हजार २ सय परिवारका नाममा रहेको जग्गाको लालपुर्जा नरहेको र बिटौरी रसिदकै आधारमा जग्गाको भोग चलन गर्दै आएको बताउँदै उनले यस्तो जग्गा बैंकले धितो राख्न नमान्दा मिटरब्याजीको चुँगलमा फस्न बाध्य भएको बताईन्।

साहु महाजनको चर्को ब्याजबाट मुक्ति दिलाउनका लागि संघीय सरकार संग समन्वय गरेर भएपनि त्यस्तो जग्गाको लालपुर्जा अविलम्ब उपलब्ध गराउनुपर्ने तर्फ उनले सरकारको ध्यानाकर्षण गराईन्।

## दिर्घकालिन रोगीका बिरामीलाई वीमा वापतको रकम भुक्तानी

**राजविराज**/कुमारी बैंक लिमिटेड राजविराज शाखाले एक दिर्घकालिन रोगीका बिरामीलाई वीमा वापतको रकम भुक्तान गरेको छ।

दिर्घकालिन रोगि राजविराज १ निवासी प्रमोद कुमार साहलाई वीमा वापत रु. एक लाखको चेक हस्तान्तरण गरिएको हो। बैंकका तर्फबाट ऋण अधिकृत कुमार प्रविणले हस्तान्तरण गरेका हुन्।

ऋण अधिकृत प्रविणले साह क्यान्सर रोगबाट पीडित रहेको अस्पतालको सम्पूर्ण कागजपत्र तथा अन्य प्रमाण पेश गरेको तीन महिनाभित्र उक्त बीमा वापतको रकम भुक्तान गरेको बताए।

कुमारी बैंक राजविराज शाखाले हालसम्म ५० जना आफ्ना ग्राहकहरुलाई बीमा वापतको रकम भुक्तानी गरिसकेको जनाएको छ।

यता कुमारी बैंकले हालसम्म नेपालभरि ८ करोड रुपैयाँ बराबरको बीमा वापतको रकम भुक्तानी गरिसकेको जनाएको छ।

हालसम्म बैंकले चार हजार ५ सय ग्राहकहरुलाई उक्त बीमा रकम वापत भुक्तानी गरिसकेको जनाउँदै बीमा वापतको भुक्तानी सबैं भन्दा बढी बागमती प्रदेशमा ३६ प्रतिशत, मधेश प्रदेश र गण्डकी प्रदेशमा क्रमश : ११ र १० प्रतिशत तथा बाँकी रकम अन्य प्रदेशमा भुक्तान गरिसकेको सो बैंकले जनाएको छ।

## २७ लाख भन्दा बढी मूल्यको पटाका बरामद

**सर्लाही**/सशस्त्र प्रहरीले २७ लाख भन्दा बढी मूल्यको पटाका बरामद गरेको छ।

सर्लाही सदरमुकाम मलंगवा नगरपालिका ४ गणेशियास्थित चिम्नी नजिकको टहरामा लुकाइराखिएको पटाका बरामद गरिएको हो।

सशस्त्र प्रहरी बल १० नम्बर गणका प्रहरी उपरीक्षक विनोदराज खनालले गणबाट खटिएको टोलीले गणेशियास्थित चौरमा जस्ताको टहरामा शंका लागेर चेक गर्दा ठूलो मात्रामा पटाका बरामद गरिएको जानकारी दिएका छन्।

बरामद भएको पटाकामा नागिन, भुईचम्पा, सुतली बम, रकेटलगायतका छन्। जसको बजार करिब मूल्य २७ लाख ७७ हजार रुपैयाँ रहेको प्रहरीको भनाइ छ।



अनुरोधकर्ता : शम्भुनाथ नगरपालिका, सप्तरी

# अन्तर्राष्ट्रिय समाचार

## बाढीका कारण १० जिल्लालाई विपद् प्रभावित घोषणा

**पाकिस्तान**/बलुचिस्तान सरकारले गम्भीर वर्षा पछिको बाढीका कारण दश जिल्लालाई विपद् प्रभावित क्षेत्र घोषणा गरेको एआरवाई न्यूजले जनाएको छ। प्रान्तीय विपद् व्यवस्थापन प्राधिकरण (पिडिएम)का अनुसार प्रभावित जिल्लामा कलात, जियारत, सोहवतपुर, लासबेला, अवारन, काची, जाफराबाद, उस्ता मुहम्मद, लोरालाई र चगाई रहेका छन्। पिडिएमएको पछिल्लो रिपोर्टअनुसार बाढीले कम्तीमा २९ जनाको ज्यान लिएको छ भने १५ जना घाइते भएका छन्। रिपोर्टअनुसार बाढीले ८५८ वटा घर पूर्णरूपमा ध्वस्त भएका छन् भने १३ हजार आठ सय ९६ वटा आंशिक क्षति भएका छन्। बाढीले कृषि क्षेत्र तथा सडक प्रभावित भएको एआरवाई न्यूजले जनाएको छ।

पिडिएमएले स्थानीय जिल्ला प्रशासनलाई प्रभावितका लागि सहयोग तथा राहत सुरु गर्न निर्देशन दिएको छ। राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरण (एनडिएमए)ले आगामी २४ घन्टासम्म सिन्धको तटीय क्षेत्रमा थप वर्षाको चेतावनी जारी गरेको छ। मौसम प्रतिकुलताले थप समस्या ल्याउने आसङ्कासिहत सम्भावित जोखिम क्षेत्रमा थप बाढी निम्त्याउन सक्ने, एआरवाई न्यूजले रिपोर्ट गरेको छ। वर्षा जारी रहँदा, समयमै सहायता प्रदान गर्न बढी प्रभावित गरी जनजीवन सामान्य बनाउने ध्यान केन्द्रित गरिएको छ। एजेन्सी

## भारतको केदारनाथमा हेलिकप्टर दुर्घटना

**केदारनाथ**/मर्मतका लागि विमानबाट गौचर हवाई पट्टी लैजाँदै गरेको एमआई-१७ हेलिकप्टर शनिबार केदारनाथमा दुर्घटनाग्रस्त भएको छ। मर्मतको लागि लैजाने क्रममा विमानले सन्तुलन गुमाउदा दुर्घटनामा परेको थियो। हेलिकप्टरले केही दूरी मात्र तय गरेको अवस्थामा सन्तुलन गुमाउन थालेको जिल्ला पर्यटन अधिकृत राहुल चौबेले बताउनुभयो। "हेलिकप्टरमा कुनै यात्रु वा सामान थिएन्। घटनाको जानकारी पाएलगत्तै उद्धार टोली घटनास्थल पुगेको अधिकारीले भन्नुभयो। टोलीले अवस्थाको निरीक्षण गरिरहेको छ," चौबेले थप्नुभयो। हाल राष्ट्रिय प्रकोप प्रतिक्रिया बल (एसडीआरएफ) को टोली दुर्घटनास्थलमा पुगी राहत कार्य जारी राखेको छ। दुर्घटनामा कुनै मानवीय क्षति भने भएको छैन। दुर्घटनाको वास्तविक कारण अझै पत्ता लागिनसकेकाले अनुसन्धान जारी रहेको स्रोतले जनाएको छ। एजेन्सी

## गुगलद्वारा 'एआई इमेज जेनेरेशन मोडल' अपडेट गरेको घोषणा

**वासिङ्टन**/गुगलले एक महिना लामो अन्तरालपछि आफ्नो 'जेमिनी एप' मा आर्टिफिसियल इन्टेलिजेन्स (एआई) इमेज जेनेरेशन मोडल अपडेट भएको घोषणा गरेको छ। गुगल जेमिनी एप एआई सहायक प्रविधि हो। यसले रचनात्मकता र उत्पादकतालाई सुपरचार्ज गर्न मद्दत गर्ने सक्नेछ। यो आधिकारिक अनुप्रयोग निःशुल्क छ। गुगलले यस वर्षको सुरुमा उक्त सुविधा रोकेको थियो। यो एआई 'टेक्स्ट-टू-इमेज जेनेरेटर इमेजेन-३' उन्नत मोडेलमा सर्ने गुगलले पुष्टि गरेको छ। यो गत मेमा विकासकर्ता सम्मेलनमा पहिलो पटक घोषणा गरिएको थियो। अपडेट गरिएको उक्त संस्करणमा 'फोटोरियलिस्टिक ल्यान्डस्केप' र टेक्स्ट कमाण्डमार्फत चित्रहरू सिर्जना गर्ने क्षमता पनि समावेश छ। फोटोरियलिस्टिक ल्यान्डस्केप एक प्रक्रिया हो, जसमा-३ डी मोडेलहरूबाट छविहरू विकास गर्न सकिन्छ। एजेन्सी

## जापानमा सानसान आँधीको गति घटे पनि यातायात अवरुद्ध जारी

**टोकियो**/जापानमा आएको शक्तिशाली आँधीका कारण शनिबार पनि उडान तथा रेलसेवा अवरुद्ध जारी रहेको जनाउदै अधिकारीले भारी वर्षाका कारण सम्भावित बाढी-पहिरोको चेतावनी दिएका छन्।

सानसान दशकौंको अन्तरालमा जापानमा आएको सबैभन्दा भयानक आँधी हो जुन बिहीबार क्युसु टापुमा अवतरण भएको थियो। सुरुवाती समयमा दुई सय ५२ किलोमिटर प्रतिदरमा कहेको उक्त आँधीको गति पछिल्लो समयमा ९० किलोमिटर प्रतिघन्टामा झरेको फायर एण्ड डिजास्टर म्यानेजमेन्ट एजेन्सीले जनाइएको छ।

फायर एण्ड डिजास्टर म्यानेजमेन्ट एजेन्सीका अनुसार आँधीका कारण समाचार तयार पार्दा सम्म कम्तीमा छ जनाको मृत्यु भएको भने एक सय २० जनाभन्दा बढी घाइते भएका छन्। एजेन्सिका अनुसार पछिल्लो समयमा आँधीको गति घटेसँगै "डाउनग्रेड" गरिएको, सानसान शनिबार पश्चिमी क्षेत्रबाट पूर्वतिर सर्दै गएको छ।

आँधीको गति घटे पनि प्रभाव कायम रहेकाले एएनए र जापान एयरलाइन्सले शनिबारका लागि करिब ६० वटा आन्तरिक उडान रद्द गर्दा करिब सात यात्रु प्रभावित भएका छन्। यसैगरी बाढीको कारण देखाउँदै मध्यसहर नागोयामा सिकाइनसेन बुलेट ट्रेन पनि स्थगित गरिएको थियो। जापान मौसम विज्ञान एजेन्सीले बाढी पहिरो तथा नदीमा पानीको उच्च बहावको अनुमान गरी चेतावनी जारी राखेको छ।

यसैगरी मध्यगिफु क्षेत्रमा नदीमा उच्च बहावको जोखिमका कारण नजिकैका करिब दुई हजार बासिन्दालाई निकासी चेतावनी जारी गरेको छ भने उत्तरी होक्काइडोका केही सहरमा भारी वर्षा भएको छ। अपरेटरका अनुसार दक्षिणी कागोशिमा क्षेत्रका ३२ हजारभन्दा बढी घर सानसानको प्रभावले गर्दा विद्युत् बिहीन भएका छन्।

वैज्ञानिकका अनुसार जलवायु परिवर्तनका कारण जापानलगायत अन्य ठाउँमा मौसमी प्रतिकुलता र जोखिम बढिरहेको छ। सन् २०२१ अत्यधिक वर्षाका कारण वर्षाले केन्द्रीय रिसोर्ट सहर अटामीमा विनाशकारी बाढी पहिरो आउदा २७ जनाको मृत्यु भएको थियो। यसैगरी सन् २०१८ को वर्षाको मौसममा पश्चिमी जापानमा बाढी पहिरोले दुई सयभन्दा बढी मानिसको ज्यान लिएको थियो। एजेन्सी

# बजेट ल्याउन नसक्दा आलोचित बन्दै राजविराज

**राजविराज**/राजविराज नगरपालिकाले समय सीमाभन्दा दुई महिना बढी भइसक्दा पनि बजेट ल्याउन नसक्दा आलोचित बन्नु परेको छ ।

राजविराज नगरपालिकाका निवर्तमान नगरप्रमुख शम्भु प्रसाद यादवले सामाजिक संजालमा राजविराज नगरपालिकाले समयमा बजेट ल्याउन नसक्दा कामहरु प्रभावित बन्न पुगेको भन्दै आलोचना गरेका छन् ।

उनले स्थानीयतहको बजेट साउन १ गतेबाट कार्यान्वयनमा जान्छ, तर भदौ १० गते पार गर्न लाग्दा पनि राजविराज नगरपालिकाले बजेट ल्याउन नसकेको भन्दै सामाजिक संजालमा लेख्छन्, "बजेट समयमा नल्याउँदा अगामी आर्थिक वर्षको बजेट कार्यान्वयनका लागि गर्नुपर्ने तयारी एकातीर पुग्दैन भने अर्को तिर नगरपालिकालाई आर्थिक नोक्सानी समेत व्यहोर्नु पर्नेछ ।"

आन्तरिक विवाद र तयारी नपुग्दा कानूनी व्यवस्था अनुसार अन्तिम मिति असार १० मा बजेट ल्याउन नसकेका नगरपालिकाले त्यस्को दुई महिना बढी हुन लाग्दा पनि मिति तय गर्न नसक्नु दुःखद भएको उनले लेखेका छन् ।

उनले यसको प्रभाव अहिलेको कार्यकाललाई मात्र नभई २०८४ पछि नयाँ आउने जनप्रतिनिधिलाई र नगरवासीसमेतलाई पर्न गई समस्या र चुनौती थपिदै जाने बताए ।

समयमै नगरसभा सम्पन्न नभएपछि पालिकाको आर्थिक कारोवार, तलब भुक्तानी, विकास निर्माण लगायतका काम समेत प्रभावित हुने त्यहाँको कर्मचारीहरु बताउँछन् । जसपाको बहुमत रहेको पालिकामा उपप्रमुख ईसरत प्रवीण कार्यवाहकको जिम्मेवारी पाएकी छिन् ।

प्रमुख प्रशासकीय अधिकृत विष्णु गुरुङ्गले आन्तरिक तयारी गर्दा गर्दै ढिलो हुन गएको बताए । उनले योजनागत बाँडफाँटको कतिपय विषय टुंगो लागिसकेको र केही वडाको सिलिङ बन्दै गरेको भन्दै छिट्टै नै नगरसभाको मिति तोकिने जानकारी दिए । स्थानीयवासीले आन्तरिक खिचलो र विभिन्न विवादका कारण बजेट ल्याउन ढिलाई भइरहेको भन्दै उक्त विवाद तत्काल समाधान गरी नगरसभाको मिति अविलम्ब तोक्न माग गरेका छन् ।

नगरप्रमुख भीमराज यादव हाल निलम्बित अवस्थामा छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा उनी विरुद्ध विशेष अदालतमा मुद्दा दर्ता गरेपछि उनी निलम्बित भएका थिए । विशेष अदालतले उनको विपक्षमा आदेश दिएपछि अहिले उनी न्याय खोज्दै सर्वोच्च पुगेका छन् ।

# बाबा गणिनाथ महोत्सव मनाइयो



**राजविराज**/राजविराजमा शनिवार बाबा गणिनाथ महोत्सव धुमधामका साथ मनाइएको छ ।

यस अवसरमा बिहान ११ बजेतरि राजविराज ६ स्थित गणिनाथ मन्दिर परिसरबाट भव्य शोभा कलश यात्रा निकालिएको छ ।

गणिनाथ पुजा एव महोत्सव आयोजक समितिको आयोजनामा गरिएको दुई दिने गणिनाथ महोत्सवको अन्तिम दिन शनिवार भगवान बाबा गणिनाथको चित्र तथा बाजागाजासहित निकालिएको शोभा कलश यात्रा बाजारको विभिन्न भागको परिक्रमा पश्चात पुनः मन्दिर परिसरमै पुगेर धार्मिक समारोहमा परिणत भएको थियो ।

शोभा कलश यात्रामा हजारौको संख्यामा महिला, पुरुष र बालबालिका सहभागी थिए ।

# ६ सय १९ घरधुरीमा शुद्ध तथा स्वच्छ खानेपानीको पहुँच

**राजविराज**/सबल नेपालले १ लाख ५० हजार लिटर पानी स्टोरेज क्षमता रहेको ओभरहेड संरचनासंगै स्वचालित रुपमा पानी शुद्धिकरणका उपकरणसहित हस्तान्तरण गरेको छ ।

सिरहाको कर्जन्हा नगरपालिका १ स्थित बाल्टीयामा निर्माण गरिएको नन्दबाबा खानेपानी आयोजना सोमबार एक कार्यक्रम बिच हस्तान्तरण गरेको हो ।

सो खानेपानी आयोजना हस्तान्तरण भएपछि उक्त भेगका ६ सय १९ घरधुरीमा शुद्ध तथा स्वच्छ खानेपानीको नियमित पहुँच भएको छ ।

बिएमजेड र भिसीएको मुख्य सहयोगमा डब्लुएचएचसँगको साझेदारी तथा कर्जन्हा नगरपालिका संगको समन्वय एवं सहकार्यमा संचालित सामाजिक परिवर्तनका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता सुशासन सवलीकरण परियोजना बाट वडा नं १ मा पालिका, संस्था तथा स्थानीय समुदायको संयुक्त साझेदारीमा खानेपानी आयोजना निर्माण भई संचालनमा आएको हो ।

बि.सं. २०७६ फागुन २० गतेबाट शुरु भई बि.सं. २०८० चैत्र १७ गते सम्पन्न भएको उक्त संरचना निर्माण कार्यको लागि कुल १ करोड ६४ लाख ६८ हजार ८ सय १३ रुपैया खर्च भएको थियो जसका लागि सबल नेपालले ७० लाख ५ हजार ९ सय ५५, कर्जन्हा नगरपालिकाले ९० लाख ७४ हजार ३ सय ७३ तथा समुदायले ३ लाख ८८ हजार ४ सय ८५ रुपैया खर्च व्योहोरेको सबल नेपालका पालिका संयोजक रोजी श्रेष्ठले जानकारी गराए ।

प्रमुख अतिथीको रुपमा रहेका नगर प्रमुख भोला पोखरेलले सबल नेपालसंगको साझेदारीमा वडा नं. १ मा कहि कतै नभएको १ घर १ धाराको निर्माण भएकोमा गर्व महसुस भएको र यस कार्यको लागि सबल नेपाललाई धन्यवाद समेत दिए ।

कर्जन्हा नगरपालिका वडा नं. १ को नवनिर्मित भवन प्रागंणमा वडा नं. १ का अध्यक्ष फणिन्द्र पोखरेल अध्यक्षतामा तथा नगर प्रमुख भोला पोखरेलको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो भने कार्यक्रममा नगर उपप्रमुख लक्ष्मी कुमारी श्रेष्ठ, सबल नेपालका उपाध्यक्ष भुपेश कुमार साह, कोषाध्यक्ष आयुश श्रेष्ठ, बरिष्ठ प्रबन्धक अशोक साह, परियोजना व्यवस्थापक परमेश्वर कुमार झा, परियोजना संयोजक शैलेन्द्र चौधरी तथा कर्जन्हा पालिका संयोजक रोजी श्रेष्ठको उपस्थित रहेको थियो । कार्यक्रमको संचालन स्थानीय कृष्ण सुवेदीले संचालन गरेका थिए ।

# दुई लघुवित्त वित्तीय संस्थामा आगजनी

**सिरहा**/सिरहाको गोलबजार नगरपालिकास्थित दुई लघुवित्त वित्तीय संस्थामा महिला समूहले आगजनी गरेका छन् ।

गोलबजार नगरपालिका ७ स्थित सिर्जनशील लघुवित्त वित्तीय संस्था लिमिटेड र जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड चोहर्वा शाखामा महिलाको एक समूहले आगजनी गरेका हुन् ।

आगजनीबाट कार्यालयका कागजात तथा कम्प्युटर, ल्यापटप, मोबाइलजस्ता उपकरणसमेत जलेको छ । संस्थाको कार्यालयभित्रै ल्यापटप दुई थान र टेबलमा भएका सम्पूर्ण कागजात नियन्त्रणमा लिएर जलाइएको संस्थाका अध्यक्ष राजकुमार श्रेष्ठले जानकारी दिएका छन् ।

यस्तै जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडमा पनि दुईवटा डेक्सटप कम्प्युटर कामै नलाग्नेगरी फुटाइएको र विभिन्न कागजात नियन्त्रणमा लिइएको जनाइएको छ ।

लघुवित्त तथा वित्तीय शोषणविरुद्धको सङ्घर्ष समिति नेपालले सो घटनाको जिम्मा लिएको छ । सरकार र सङ्घर्ष समितिको कार्यदलले बनाएको प्रतिवेदन लघुवित्तले कार्यान्वयन नगरेकाले आफूहरू सङ्घर्षमा जान बाध्य भएको सङ्घर्ष समितिका मधेस प्रदेश अध्यक्ष अर्जुन विश्वकर्माले बताए ।

इलाका प्रहरी कार्यालय गोलबजारका प्रमुख प्रहरी निरीक्षक सुनिल कार्कीले आगजनी भएको र घटनाको थप अनुसन्धान भइरहेको जानकारी समेत दिए ।


## गर्मीमा तातो हावा वा लुबाट जोगिने उपायहरू




अनुरोधकर्ता : हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी

## जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको वीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : बलान बिहुल गाउँपालिका, सप्तरी


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*